संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५०

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : २:५९ बजे*

*बैठक स्थगित : ४:१४ बजे*

२०७९ भदौ १६, बिहीबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **पचासौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न २:५९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयोः

**माननीय उदय बहादुर बोहरा**ले राप्ती राजमार्गको सुधारमा भएको ढिलासुस्तीको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय उर्मिला अर्याल**ले मधेशमा वर्षातको पानी पनि नपरेको र सिँचाइको पनि व्यवस्था नभएकाले धान सुकेर गएको जानकारी गराउनुहुँदै यस समस्याको समाधानका लागि बहुउद्देश्यीय सिँचाइ योजना बनाई कार्यान्वयन गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ ले देशमा अधिकांश भेटेनरी चिकित्सक बाहिरबाट ल्याउनु पर्ने अवस्थाको अन्त्य गर्ने व्यवस्था मिलाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय नारायणदत्त मिश्र**ले देशका अधिकांश भागमा लोडसेडिङ रहेको झ्याप्प बत्ती जाने समस्याको समाधान गर्न र डेङ्गु नियन्त्रणका गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले राज्यले सहकारीलाई विश्वास गरेर "गाउँ-गाउँमा सहकारी घर घरमा भकारी"को नाराका साथ सहकारीको प्रवर्द्धन गरेतापनि सहकारीहरूमा ठगी धन्दा मौलाएकाले यसको नियन्त्रण र सुपरीवेक्षवण गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय मदन कुमारी शाह गरिमा**ले नेपालको आर्थिक विकासको आधारको रूपमा रहेको पर्यटन विकासका लागि कैलालीका नदिलाई डल्फिन संरक्षण क्षेत्र घोषणाको माग गर्नुभयो ।

**माननीय मोहम्मद खालिद**ले गत वर्ष खडेरीबाट पीडितले पाउने रकम किसानले नपाएकाले यथाशीघ्र उक्त रकम उपलब्ध गराउन सरकार समक्ष माग गर्नभयो ।

**माननीय सुरेश कुमार आलेमगर**ले काठमाडौंमा फैलिएको डेङ्गु नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा महिलाको प्रत्यक्ष निर्वाचन गर्नका लागि विशेष पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका माननीय सदस्य देवेन्द्र दाहाललाई "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक प्रतिवेदन, २०७६" र "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय देवेन्द्र दाहालले उक्त प्रतिवेदनहरू पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" सम्बन्धी र प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय नारायणदत्त मिश्रले उक्त प्रतिवेदनहरू पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ जानकारी गराउनुहुँदा उक्त छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो:

- मा. भगवती न्यौपाने
- मा. सुरेश कुमार आलेमगर
- मा. प्रमिला कुमारी
- मा. डा. विमला राई पौड्याल
- मा. गोमा देवी तिमिल्सिना
- मा. शेखर कुमार सिंह
- मा. भुवन बहादुर सुनार
- मा. मदन कुमारी शाह (गरिमा)
- मा. दिल कुमारी रावल थापा (पार्वती)
- मा. डा. बेदुराम भुसाल
- मा. सुमित्रा बि.सी
- मा. खिमलाल देवकोटा
- मा. देवेन्द्र दाहाल
- मा. नारायणदत्त मिश्र
- मा. राजेन्द्र लक्ष्मी गैरे

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा

परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु भएपश्चात् माननीय मन्त्रीले जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६” माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने ब्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले प्रस्तुत गर्नुभएको “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा माननीय खिमलाल देवकोटाले उक्त छलफलमा भाग लिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सो छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो । लगत्तै माननीय मन्त्रीले जवाफ पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

ततपश्चात् सम्माननीय अध्यक्षले “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाले बहुमतले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई राष्ट्रिय

सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन अपराह्न ४:४९ बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव